नेपाल उद्योग वाणिज्य महासंघ
Federation of Nepalese Chambers of Commerce & Industry
FNCCI

पत्र संख्याः एजिएम १-५४/७६/७७ ( ५

२०७७/६/२९

श्री सदस्य महानुभावहरु,
नेउवामहासंघ ।

विषयः **महासंघको ५४ औं वार्षिक साधारण सभा एवं निर्वाचन सम्बन्धी सूचना पठाएको ।**

महोदय,

नेपाल उद्योग वाणिज्य महासंघको ५४ औं वार्षिक साधारण सभा तथा कार्यकारिणी समितिको निर्वाचन विश्वभर फैलिएको कोभिड–१९ को महामारी तथा नेपाल सरकारबाट देशभर लागू गरिएको लकडाउन तथा काठमाडौं उपत्यका लगायत विभिन्न जिल्लामा लागू गरिएको निषेधाज्ञाको कारणबाट पटक पटक स्थगित हुन गएकोमा नेपाल सरकार, गृह मन्त्रालयको मिति २०७७।६।९ को स्वीकृति बमोजिम यही २०७७ साल मसिर ११ र १२ गते (26th, 27th November, 2020) महासंघको ५४ वार्षिक साधारण सभा र निर्वाचन गर्ने गरी मिति २०७७ साल आश्विन १५ गते बसेको महासंघको १८औं कार्यकारिणी समितिको बैठकबाट निर्णय भएको र उक्त बैठकले निर्वाचन गर्ने स्थान, निर्वाचनको मोडालिटी लगायतका निर्वाचन सम्बन्धी सबै कार्य निर्वाचन समितिसंग अध्यक्ष श्री भवानी राणाले छलफल गरी निर्धारण गर्न सक्ने भनि निर्णय भए अनुसार निर्वाचन समितिसंग अध्यक्ष श्री भवानी राणाले मिति २०७७ असोज २६ गते गर्नु भएको बैठकमा २०७७ साल मंसीर ११ गते दिउंसो ४:०० बजे मात्र ५४ औं वार्षिक साधारण सभाको समुद्घाटन शत्र हुने अवस्था रहेको हुंदा बन्द शत्रको कार्यक्रम मंसीर १२ गते र निर्वाचनको कार्यक्रम मंसीर १३ गते गर्न वाञ्छनीय हुने भनि प्रस्ताव गर्नु भए अनुसार महासंघको ५४ औं वार्षिक साधारण सभा तथा निर्वाचन २०७७ मंसीर ११, १२ र १३ गते हुने निर्णय गरेको व्यहोरा जानकारी गराउंदछु । बैठकको उक्त निर्णय अनुसार महासंघको ५४ औं वार्षिक साधारण सभा तथा निर्वाचन यही २०७७ साल मंसीर ११, १२ र १३ गते हुने व्यहोरा सहितको जानकारी नेपाल उद्योग वाणिज्य महासंघको विधान २०४९ (छैठौं संसोधन सहित) को दफा २५ बमोजिम यो सूचना पठाएको छ ।

२०७७ साल मंसिर ११ र १२ गते महासंघको ५४ औं वार्षिक साधारण सभाको समुद्घाटन तथा बन्द सत्र भर्चुअल (अनलाइन) माध्यमबाट हुने र निर्वाचन कार्यक्रम मंसीर १३ गते गृह मन्त्रालयबाट स्वीकृत मापदण्ड अनुसार एक पटकमा २५ जना भन्दा बढी व्यक्ति मतदानको लाइनमा नहुने गरी (एक पटकमा मतदान गर्दा २५ जना भन्दा बढी व्यक्ति उपस्थित नहुने गरी) र स्वास्थ्य तथा सुरक्षाको मापदण्डहरु पालना हुने गरी (सामाजिक दुरी लगायतका मापदण्ड) निर्वाचन समितिले प्रकाशित गरेको निर्वाचन कार्यक्रम अनुसार छुट्टा छुट्टै स्थानमा नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, कार्की व्याङकेट, बबरमहल, नेपाल उद्योग वाणिज्य महासंघ, टेकु, काठमाडौंमा हुनेछ । निर्वाचन समितिले आवश्यकता अनुसार निर्वाचन हुने स्थान तथा निर्वाचन कार्यक्रममा कुनै हेरफेर भएमा अर्को सूचनाद्वारा जानकारी हुने व्यहोरा समेत सूचित गरिएकोछ ।

P.O. Box : 269, Shahid Shukra FNCCI Milan Marg,
Pachali, Teku, Kathmandu, Nepal.
Tel. : 4262061, 4262218, 4266889
Cable : FEDERATION, Fax : 977-1-4261022, 4262007
E-mail : fncci@mos.com.np

पो.ब.नं. २६९, शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, पचली, टेकु, काठमाडौं, नेपाल
टेलिफोन : ४२६२०६१, ४२६२२१८, ४२६६८८९
तार : फेडरेशन
फ्याक्स : ९७७-१-४२६१०२२, ४२६२००७
इ-मेल : fncci@mos.com.np

STOP Child Labour

http://www.fncci.org

नेपाल उद्योग वाणिज्य महासंघ २०२२ नेपाल काठमाडौं

साधारण सभाको विषयसूची :

१. **मंसीर ११ गते विहिबार दिनको ४:०० बजे ५४ औं वार्षिक साधारण सभाको समुद्घाटन कार्यक्रम (भर्चुअल अनलाइनबाट)।**

२. **मंसीर १२ गते शुक्रबार विहान ९:०० बजेदेखि शुरु हुने बन्द शत्रका विषयसूची :**

(क) अध्यक्षको संवोधन एव सोको अनुमोदन ।

(ख) महासंघको वार्षिक प्रतिवेदनको प्रस्तुती एवं अनुमोदन ।

(ग) आ.व. २०७५/७६ लेखा परिक्षकको लेखा परिक्षण प्रतिवेदन उपर छलफल एवं अनुमोदन ।

(घ) महासंघको आ.व. २०७६/७७ को हिसाव कितावको लेखा परीक्षणका लागि लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक सम्वन्धमा ।

(ङ) ५४औं वार्षिक साधारण सभामा विचारार्थ प्रस्तुत प्रस्तावहरूको छलफल तथा निर्णय ।

३. **निर्वाचन कार्यक्रम मंसीर १३ गते, शनिबार** :

मंसीर १३ गते,शनिवार वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरू तथा कार्यकारिणी समितिका सदस्यहरूको निर्वाचन काठमाडौंमा हुने व्यहोरा जानकारी गराउंदछु । निर्वाचन हुने स्थाननेपाल प्रज्ञा प्रतिष्ठान, प्रज्ञा भवन, कमलादी, कार्की व्याङकेट, बवरमहल र नेपाल उद्योग वाणिज्य महासंघ, टेकु, काठमाडौंमा निर्वाचन समितिको सूचना अनुसारको समयमा मतदान हुने व्यहोरा अनुरोध गर्दछु ।

४ **उम्मेद्वारी मनोनयन, सभामा प्रतिनिधित्व र शुल्क सम्बन्धमा:**

क. **उम्मेद्वारी मनोनयन तथा प्रतिनिधि पत्र दाखिला** :

यस ५४औं वार्षिक साधारण सभामा वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरु र कार्यकारिणी समितिका सदस्यहरुको निर्वाचन हुने भएकोले वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरु र कार्यकारिणी समितिका सदस्यको निर्वाचनको लागि उम्मेद्वार मनोनयन गर्न इच्छुक सदस्य संघ/संस्थाहरुले आ.व. २०७६/७७ सम्मको वार्षिक सदस्यता शुल्क, प्रतिनिधि शुल्क र उम्मेदवारी शुल्क सहित **मनोनयन–पत्र** र **प्रतिनिधि–पत्र** महासंघको नियमावली (पहिलो संशोधन २०७३ सहित) अनुसार साधारण सभा हुनु भन्दा **७ दिन अघि अर्थात २०७७ साल मंसीर ४ गते सांझ ५:०० बजे भित्र महासंघको सचिवालय** टेकूमा दर्ता गराई सक्नु पर्नेछ ।

यसै समय भित्र मनोनयनपत्र, प्रतिनिधिपत्र र सम्वन्धित संघको कार्यकारिणी समितिको वैठकको निर्णयको प्रतिलिपि फ्याक्स तथा ई–मेलबाट पनि पठाउन सकिनेछ । तर निर्वाचनमा उम्मेद्वारी दिने संघ संस्थाले मिति २०७७ साल मंसीर ४ गते सांझ ५:०० बजेभित्र सवै सक्कल कागजातहरु पेश गर्नुपर्नेछ ।

५ **वार्षिक साधारण सभामा प्रतिनिधित्व :**

(अ) साधारण सभामा जिल्ला/नगर उद्योग वाणिज्य संघ एवं बस्तुगत संघ र द्विराष्ट्रिय उद्योग वाणिज्य संघको हकमा अध्यक्ष स्वयं मुख्य प्रतिनिधि रहनु पर्ने व्यवस्था रहेकोछ ।

अध्यक्ष स्वयं उपस्थित हुन नसक्ने अवस्थामा महासंघको विधान २०४९ (छैठौं संशोधन सहित) को उपदफा २९(३) अनुसार सम्बन्धित सदस्य संघको कार्यकारिणी समितिले आफू मध्येबाट प्रतिनिधि छानि मुख्य प्रतिनिधि सहितको प्रतिनिधिमण्डलको नाम पठाउनु पर्ने छ। साथै निर्णयको प्रमाणित प्रतिलिपि समेत प्रतिनिधि पत्र साथ संलग्न गर्नु पर्नेछ ।

(आ) महासंघको विधान २०४९(छैठौं संशोधन सहित)को उपदफा २९.४ अनुसार निर्वाचनमा उम्मेदवार खडा गर्ने प्रदेश, उद्योग वाणिज्य संघ, वस्तुगत संघ, द्विराष्ट्रिय उद्योग वाणिज्य संघ, एशोसिएटस सदस्य एवं महासंघका संस्थापक सदस्यहरुले आफ्नो तर्फबाट निर्वाचनमा खडा गर्ने उम्मेदवारलाई अनिवार्य रुपमा प्रतिनिधिमण्डलमा समावेश गर्नु पर्नेछ ।

(इ) महासंघको विधान अनुसार एशोसिएट सदस्यको हकमा सञ्चालक समितिको अध्यक्ष, उपाध्यक्ष, सञ्चालक सदस्य, कार्यकारी संचालक,कार्यकारी प्रमुख, महाप्रबन्धक वा घटिमा नायव महाप्रबन्धक तहसम्मको जिम्मेवार व्यक्तिलाई मुख्य प्रतिनिधि नियुक्त गरी संस्थाको तर्फबाट अधिकार प्राप्त व्यक्तिले दस्तखत गरी पठाउनु पर्नेछ ।

***महासंघको यस भन्दा अघिको मिति २०७६/११/२३ र २०७७/३/२१ को सूचना अनुसार प्राप्त भई सकेको मनोनयन पत्र र प्रतिनिधिपत्रको हकमा उक्त मनोनयन पत्र र प्रतिनिधिपत्रलाई मान्यता दिइने व्यहोरा समेत जानकारी गराइन्छ ।***

६ **प्रतिनिधि संख्या :**

महासंघको ५४ औं वार्षिक साधारण सभामा निम्न संघ /संस्थाबाट निम्न संख्यामा प्रतिनिधिमण्डल पठाउने व्यस्वस्था गरिएको छ :

- जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघहरुले मुख्य प्रतिनिधि सहित–२ जना । उम्मेद्वार खडा गर्ने जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघलेथप १ जनाउम्मेद्वारसहित ३ जनालाई प्रतिनिधिमण्डलमा समावेश गर्न सक्नेछ ।
- वस्तुगत संघहरुले मुख्यप्रतिनिधि सहित–२जनार उम्मेदवार खडा गर्ने वस्तुगत संघले थप जना उम्मेद्वार सहित ३ जनालाई प्रतिनिधिमण्डलमा समावेश गर्न सक्नेछ ।
- द्वि–राष्ट्रिय उवासंघहरुले मुख्यप्रतिनिधि –१जना
- एशोसिएट सदस्यले मुख्य प्रतिनिधि–१ जना

७ **प्रतिनिधि शुल्क:**

वार्षिक साधारण सभामा भाग लिने प्रतिनिधिको लागि प्रतिनिधि शुल्क वापत प्रति व्यक्ति रु ४,०००।-(अक्षरेपी चार हजार रुपैयां) लाग्ने छ। तर एकै व्यक्तिले एक भन्दा बढि संघ/संस्थाको प्रतिनिधित्व गर्दै रजिष्ट्रेशन गरेमा दोस्रो रजिष्ट्रेशन वापत प्रतिनिधी शुल्क रु १,५००।(अक्षरेपी एक हजार पांच सय) मात्र लाग्ने छ ।

विधान अनुसार मुख्य प्रतिनिधिले मात्र निर्वाचनमा मतदान गर्न पाउने छन्। अतिरिक्त प्रतिनिधि एवं पर्यवेक्षकले निर्वाचनमा मतदान गर्न पाउने छैनन्।

८ **मनोनयन शुल्क**

निर्वाचनको लागि मनोनयन गर्दा निम्न बमोजिम मनोनयन शुल्क लाग्ने छ :

क) वरिष्ठ उपाध्यक्ष पदको लागि–रु. ३,००,०००। (अक्षरेपी तीन लाख रुपैयां)

ख) उपाध्यक्ष पदको लागि–रु १,५०,०००। (अक्षरेपी एक लाख पचास हजार रुपैयां)

ग) कार्यकारिणी समिति सदस्य पदको लागि–रु ५०,०००। (अक्षरेपी पचास हजार रुपैयां)

(उम्मेदवारी फिर्ता लिए पनि उम्मेदवारी वापतको शुल्क फिर्ता हुने छैन ।)

९ **महासंघको वार्षिक सदस्यता शुल्क, प्रतिनिधि शुल्क र प्रतिनिधिपत्र बुझाउने समय:**

सदस्यहरुले आ.व. २०७६।७७ सम्मको महासंघको वार्षिक सदस्यता शुल्क, प्रतिनिधि शुल्क र प्रतिनिधिपत्र २०७७ साल मंसीर ११ गते विहान ९:०० बजे भित्र महासंघको सचिवालयमा बुझाई सकेको हुनु पर्नेछ । उम्मेदवार उठाउने सदस्य संघको हकमा यी सबै शुल्क मंसीर ४ गते भित्र वुझाई सकेको हुनुपर्नेछ। शुल्क प्राप्त नभएमा त्यस्तो उम्मेदवारको मनोनयन पत्र वैधानिक मानिने छैन ।

साधारण सभामा भाग लिने मुख्य प्रतिनिधि र अतिरिक्त प्रतिनिधिको फोटो सहितको परिचय पत्र बनाइने हुंदा प्रतिनिधि पत्र पठाउंदा मुख्य प्रतिनिधि तथा अन्य प्रतिनिधिहरूको फोटो सहित राखी पठाउनु हुन अनुरोध छ ।

महासंघको पर्यवेक्षकको रूपमा रहेका सदस्य संघहरूले ५४औं वार्षिक साधारण सभाको कार्यक्रममा भाग लिन पाउने छन् । तर महासंघको निर्वाचनमा उम्मेदवार मनोनयन गर्न र मतदान गर्न पाउने छैनन् ।

१०. **मनोनयन हुने उम्मेदवारको लागि आवश्यक योग्यता**

वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष र कार्यकारिणी समिति सदस्य पदको लागि उम्मेद्वार हुन महासंघको विधान २०४९ (छैठौं संशोधन सहित)को क्रमश: उपदफा ४६.१ र ४६.३(क) बमोजिमको योग्यता पूरा भएको हुनु पर्नेछ । तर महासंघको विधानको दफा ६८ को उपदफा ६८.४ अनुसार महासंघको विधान (पांचौं संशोधन) लागू हुनु भन्दा अगावै महासंघको अध्यक्ष, उपाध्यक्ष र कार्यकारिणी समिति सदस्य भई सकेकाहरुको हकमा महासंघको विधानको दफा ४६.१(ग) र ४६.३(क) को (ऊ) को प्रावधानहरु लागू हुने छैन ।

उम्मेदवारी मनोनयन तथा अन्य कुराहरु निर्वाचन समितिले प्रकाशित गर्ने निर्वाचन कार्यकम तालिका/सूचना एवं निर्वाचन समितिको निर्णय बमोजिम हुने छ ।

**प्रस्ताव पठाउने सम्वन्धमा** :

५४औं वार्षिक साधारण सभामा विचारार्थ पेश गर्नुपर्ने प्रस्तावहरु भएमा महासंघको सचिवालयमा २०७७ साल मंसीर २ गते भित्र आई पुग्ने गरी पठाउनु हुन अनुरोध छ ।

यस महासंघको ५४ औं वार्षिक साधारण सभाको उद्घाटन तथा वन्द शत्र जुम अनलाइनमा र निर्वाचनको कार्य प्रत्यक्ष रुपमा काठमाडौंमा हुने भएको जानकारी गराउँदै ५४औं वार्षिक साधारण सभामा भाग लिने र निर्वाचनमा उम्मेदवार खडा गर्ने संघ/संस्थाहरुले उपरोक्त अनुसांरको व्यवस्था सहित उल्लेखित समय भित्र नै प्रतिनिधि पत्र, प्रतिनिधि शुल्क, मनोनयन पत्र, मनोनयन शुल्क, वार्षिक सदस्यता शुल्क पठाउनु भई महासंघको ५४ औं वार्षिक साधारण सभामा सहभागी हुने व्यवस्थाका लागि अनुरोध गर्दछु ।

**संलग्न:**

१. महानिर्देशकको वार्षिक प्रतिवेदन ।

२. महासंघको आ.व.२०७५/७६ को वासलता तथा लेखा परिक्षकको प्रतिवेदन ।

३ प्रतिनिधि पत्र थान १(एक) ।

४. मनोनयन पत्र थान ३(तीन) ।

भवदीय,

२०७७/०६/२९

( धरणीधर खतिवडा )
महानिर्देशक

**बोधार्थ:**

श्री अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री निवर्तमान अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री पूर्व अध्यक्ष एवं विशिष्ठ सदस्यज्यू, नेउवामहासंघ ।
श्री वरिष्ठ उपाध्यक्षज्यू एवं उपाध्यक्षज्यूहरु, नेउवामहासंघ ।
श्री कोषाध्यक्षज्यू, नेउवामहासंघ ।
श्री अध्यक्षज्यूहरु, प्रदेश उद्योग वाणिज्य महासंघ ।
श्री कार्यकारिणी समितिका सदस्यज्यूहरु, नेउवामहासंघ ।